स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दशैंको फूलपातीदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'ज्वाइँ साब'को 'कसम बत्ती'को गीत अहिले चर्चामा छ । युट्युबमा १८ लाख बढीले हेरिसकेको यो गीत टिकटकमा पनि भाइरल बनेको छ । गीतले राम्रो 'हाइप' बनाउँदै गर्दा बुधबार निर्माण टिमले फिल्मका प्रमुख अभिनेता जितु नेपालको एउटा 'क्यारेक्टर पोस्टर' सार्वजनिक गरेको छ, जसमा उनलाई बुढ्यौली 'गेटअप'मा देख्न सकिन्छ ।

**आजको विचार...**



के...

*(दुई पेजमा)*

प्रा. देवीभक्त ढकाल



फिल्म निर्देशनमा निश्चल बस्नेतको गर्विलो छवि छ. । 'लुट'बाट नेपाली फिल्मको 'धार' नै परिवर्तन गरेका उनलाई निर्देशकको रुपमा मात्र चिन्दा भने अन्याय हुन सक्छ । उनी निर्माता पनि हुन् । हिरो हुन् । गायक हुन् । म्यूजिक भिडियोमा मोडल पनि बनेका छन् । यसरी हेर्दा निश्चलको परिचयको आयाम फराकिलो छ । यिनै विविध विधाले युवापुस्तामा उनको निकै राम्रो क्रेज निर्माण गरेको छ । निश्चल जोडिएको हरेक फिल्मप्रति दर्शकमा ठूलो अपेक्षा रहने गर्छ । यसैले उनी गल्ती गर्न छुट नभएका निर्देशक मानिन्छन् ।

❐ वर्ष ३० ❐ अंक ७९ ❐ २०८१ असोज १७ गते बिहीबार 3 October 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हेलिकप्टर दुर्घटना हुदाँ तीन जनाको मृत्यु

(रासस/एएफपी)

**नयाँदिल्ली,** असोज १६/पश्चिमी भारतको पुणे जिल्लाको बावधन नजिक बुधबार हेलिकप्टर दुर्घटना हुँदा हेलिकप्टरमा सवार तीन जनाको मृत्यु भएको अग्नि नियन्त्रक अधिकारीले बताएका छन् । हेलिकप्टर हेरिटेज एभियसनले सञ्चालन गरेको प्रहरी तथा अग्नि नियन्त्रक अधिकारीहरूले बताएका छन् ।

अधिकारीहरुका अनुसार मुम्बईको दक्षिणपूर्वमा रहेको पुणे सहरको बाहिरी इलाकामा स्थानीय समय अनुसार बिहान ६:४५ बजे दुर्घटना हुदाँ हेलिकप्टरमा आगो लागेको थियो । । दुर्घटनामा हेलिकप्टरमा सवार दुई जना पाइलट र एक जना इन्जिनियरको मृत्यु भएको प्रमुख अग्नि नियन्त्रक अधिकारी देवेन्द्र पोटफोडले पत्रकारहरू समक्ष बताउनु भएको छ । उनले आफुहरु घटनास्थलमा पुग्दा, हेलिकप्टर दुर्घटनाग्रस्त भएको र यसका सबै भागहरू छरिएको देखेको उल्लेख गरेका छन् । उनले दुर्घटनामा मृत्यु वरण गरेका तीनैजनालाई निकाली उनीहरूलाई प्रहरीलाई हस्तान्तरण गरेको बताएका छन् । हेलिकप्टर विपक्षी राष्ट्रवादी काङग्रेस पार्टीले भाडामा लिएको र मुम्बईतर्फ गइरहेको स्रोतले जनाएको छ । दुर्घटनाको आधिकारिक कारण अहिलेसम्म पत्ता लागेको छैन यद्देपी स्थानीय मिडियाले दुर्घटनाको समयमा यस क्षेत्रमा घना कुहिरो लागिरहेकोले दुर्घटना भएको रिपोर्ट गरेका छन् ।

## दसैं सुरु

# आज घटस्थापना, घर-घरमा जमरा राखिँदै

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज १६/नेपालीहरूको महान् चाड बडादसैं आज (विहीबार)बाट सुरु भएको छ । बडादसैंको पहिलो दिन घटस्थापना । आज सबै नेपालीहरूले आ-आफ्नो घर-घरमा जमरा राख्ने गर्दछन् । आज सबैले आ-आफ्नो घरको पूजा कोठामा विधिपूर्वक घटस्थापना गर्छन् ।

आज बिहान ९:१६ बजे घटस्थापनाको शुभ साइत रहेको पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । देवीलाई जौको जमरा मनपर्ने भएकाले घटस्थापनाको दिन विधिपूर्वक जौ, गहुँ तथा मकैलाई माटोमा छरिन्छ र टीकाको साइतमा जमरालाई फूलको रूपमा प्रयोग गर्ने चलन छ । जमरालाई समृद्धिको प्रतिक मानिन्छ । त्यसैले टीकाको दिन आफूभन्दा मान्यजनको हातबाट टीका ग्रहण गर्दा पहेंलो जमरा नै प्रयोग गरिने हुनाले जमरा उमार्न शुद्ध माटो प्रयोग गरिन्छ । जमरा राख्नुपूर्व गाउँघरमा रातो तथा कमेरोको माटोले र सहरमा विभिन्न रङले घर लिपपोत तथा रङरोगन गरिन्छ । घर शुद्ध भएपछि मात्र देवीको आगमन हुन्छ भन्ने मान्यता छ ।



घटस्थापनाको पहिलो दिन झिसमिसेमै आत्माशुद्धि पछि नदी खोला, बगर अथवा आफूलाई पायक पर्ने स्थानबाट वालुवा या माटो ल्याई जमरा राखिन्छ । जमरा राख्नुपूर्व पूजा कोठाको सरसफाइ तथा गाईको गोबरबाट लिपपोत गर्ने प्रचलन छ । यसैबीच घटस्थापनाको उपलक्ष्यमा दसैंघरमा वैदिक विधिपूर्वक जमरा राखी महाकाली महालक्ष्मी, महासरस्वतीलगायत नवदुर्गा र अन्य शक्तिपीठहरूमा नवरात्रिको पूजा आरम्भ हुन्छ । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजयादशमीको टीकाको दिन पहेंलो जमरासँगै दुर्गा देवीको प्रसाद ग्रहण गर्ने प्रचलन रहेको छ । घटस्थापना गरिएको स्थानमा हरेक दिन अधिष्ठात्रि देवी दुर्गाका नौ स्वरूपको पूजा गरिन्छ । नवरात्रको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गरिन्छ । बडादसैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरूले दसैंघर, कोत र शक्तिपीठमा बलिसहित विशेष पूजा गर्दछन् । नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमददेवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुति पाठ गरिन्छ । यस अवसरमा देशभरका शक्तिपीठहरूमा पूजाआजाका लागि भक्तजनहरूको घुँइचो लाग्ने गर्दछ । यस वर्षको विजया दशमीको शुभसाइत असोज २६ गते बिहान ११:३६ का लागि उत्तम रहेको पञ्चाङ्ग निर्णायक समितिले जनाइएको छ । त्यस दिन बिहान ८:३३ बजे देवी विर्सजनको साइत रहेको समितिले जनाएको छ । असोज १८ गते शुक्रबार झन्डा फेर्ने (पश्चिम मोहडा) ९:१४ बजे, असोज २२ गते मंगलबार पचलीभैरव यात्रा, असोज २४ गते बिहीबार फूलपाती र श्री तुलजाभवानी यात्रा बिहान ७:११ बजे र स्थिरासन बिहान ८:४३ बजे साइत रहेको समितिले जनाएको छ । त्यसैगरी असोज ३० गते अखिलबलीपूर्ति गर्नुपर्ने छ । यसै दिन कोजाग्रत पूर्णिमा मनाएसँगै यस वर्षको दसैं समापन हुनेछ ।




# एकै वर्षमा १० लाख बढीको निगुरो बिक्री

**गलकोट,** असोज १६/म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाका स्थानीय शर्मिला पुर्जाले निगुरो संकलन गरी बिक्रीका लागि बागलुङ बजार पठाउन्छिन् । साउनदेखि असोजसम्म पुर्जासहित दोवा गाउँका महिलाको दैनिकी जंगलमा निगुरो खोज्ने र बेच्नेमा बित्छ ।

लेकाली जंगलमा उम्रिने निगुरोको बजारमा राम्रो माग हुने गरेको छ । निगुरो उपभोक्ताको रोजाइमा परेपछि शर्मिला पुर्जासहितका महिलाहरुलाई आयआर्जनमा सहयोग पुगेको छ । यस वर्ष मात्रै शर्मिला र मायाकुमारी पुनले १० लाख ५० हजारको निगुरो बिक्री गरे ।

पुर्जाले भनिन्, 'वन उपभोक्ता समिति, संकलन कर्ता, गाडी भाडा कटाएर बाँकी रकम नाफा हुन्छ, यहाँका महिलालाई घर खर्च पुग्छ, कम्तीमा एकजनाले एक 'सिजन'मा एक लाखभन्दा माथिको निगुरो बिक्री गर्छौं ।' पुर्जाले मात्रै यस वर्ष आठ लाख ५० हजार र माया पुनले दूई लाख ५० हजारको बिक्री गरेको बागलुङ बजारका व्यापारी शंकर रेग्मीले बताए । रेग्मीले विगत चार वर्षदेखि निगुरोको बिक्री गर्दै आएका छन् ।



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाको जंगलमा पाइने निगुरो सदरमुकाम बेनी बजार हुँदै बागलुङबजार ल्याउने गरिएको छ । बागलुङ बजारका व्यापारी रेग्मीले होलसेल मूल्यमा तरकारी व्यापारीलाई निगुरो बिक्री गर्दै आएका छन् । बागलुङमा दोवाको निगुरो होलसेल प्रतिमुठा ८० र खुद्रा प्रतिमुठा १०० मा बिक्री हुने गरेको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# नवरात्रि प्रारम्भ र घटस्थापना

आजबाट नवरात्रि प्रारम्भ भएको छ । नवरात्रिको पहिलो दिन आज घटस्थापना हो । यस दिन देखि नेपालीहरुको महान चाड बडा दशैं सुरु भएको छ । व्यावहारिक रूपमा सामाजिक चहलपहल, सजावट, नयाँ–नयाँ सरसामान, खसीबोका इत्यादिको किनबेच र देशविदेशका मानिसहरू घर फर्कनेको लस्कर इत्यादि भिन्न प्रकारको विशेष वातावरण देखिन्छ ।

पौराणिक र तान्त्रिक महत्वलाई दृष्टिगोचर गरी दूर्गा भवानीको कृपा तथा आशिर्वाद प्राप्त गर्नका लागि विजयादशमी मनाउने शास्त्रीय विधान छ । शुद्ध माटो तथा गोबरले घर शुद्ध बनाएर शास्त्रीय विधि अनुसार शुभ मुहूर्तमा घडा स्थापना गरी घडाको नजिक सप्तधान्य (जमरा) बीजारोपण गरी नौ दिनसम्म विभिन्न नामले शक्तिको पूजा आराधना गरिन्छ । त्यस पश्चात् प्रसाद स्वरूप दशमीको दिन लगाउने टीकाबाट धर्म, अर्थ, काम र मोक्ष प्रदायक हुने कुरा देवी भागवतमा बताइएको छ । आजको दिन बिहानै आत्मशुद्धि पश्चात् नदी, खोला, बगर वा आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा अथवा पञ्चमाटो ल्याई दसैं घर वा पूजाकोठामा राखी जमरा उमार्न जौ छरिन्छ । यस दिन घट कलशको स्थापना गरी देवी–देवतालाई आह्वान गरिन्छ । जौ अथवा अन्नलाई वैदिक यज्ञको लागि अत्यावश्यक वस्तु मानिन्छ । माता भगवतीलाई मन पर्ने वनस्पतिमा जमरा पनि एक भएकाले भगवतीलाई खुसी पार्नको लागि जमरा उमार्ने गरिएको हो । नवरात्रिको आफैंमा महत्व रहेको छ । तर पनि यस समयमा हुने घटस्थापना, फूलपाती, महाष्टमी, महानवमी र विजया दशमी चार दिनको महत्व अझ बढिरहेको हुन्छ । दसैं पर्व हाम्रो संस्कृति हो । यसलाई जोगाई राख्नु हामी सबैको कर्तव्य हो । पर्वलाई तडकभडक होइन र सभ्य र सुसंस्कृत रुपमा मनाऔं । सबैको घरदैलोमा आइपुगेको दसैंले सबैमा सद्बुद्धि देओस् र दसैं थप उत्साह र उमंगका साथ मनाउन सकियोस् ।

## Opinion @ Social Network

भाग्य र मनको सम्बन्ध कहिल्यै मिलेन
जे भाग्यले दियो त्यो मनले स्वीकार गरेन जे मनले चाह्यो त्यो भाग्यले दिएन ।
*(माया आलेकोफेसबुक स्टाटसबाट www.facebook.com//Maya.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रकृति पनि अक्षमताका विरुद्ध



## प्रा. देवीभक्त ढकाल

खोला, वनजंगल, हावापानी, वनस्पति आदि प्रकृति हुन् । यिनीहरू 'जाने प्युठाने नजाने जिउ खाने' नेपाली उखान जस्तै हुन् । बाढीपहिरोको वितण्डा भनेको प्रकृतिले देशको नेतृत्व गर्नेहरू सबै पार्टीमा अक्षम छन् भन्ने घोषणा हो । यो असफलता वर्तमान सरकारको मात्रै होइन बहुदलीय व्यवस्थामा बनेका सबै सरकारहरूको एकमुष्ट असफलता हो । सिंहदरबारको बलेसीमा नागरिक बगिरहने, नागरिक डुबिरहने, यात्रामा रहेका नागरिकहरू बसका बस पुरिने, तिनको सुरक्षामा पूर्णत: असफल संयन्त्रलाई जनताले किन मान्ने ? जनता शोकमा प्रधानमन्त्री विदेशी भोजमा । राजधानीमा यस्तो भयावह अवस्था भयो भने मोफसल र दूरदराजमा नागरिकहरूको अवस्था के होला ? नेतृत्व नै असफल भएपछि सरकारको चौतर्फी असफलता छताछुल्ल भयो । सबै पार्टीका नेताहरूले आफ्नो असफलता र अक्षमतालाई अविलम्ब आत्मसात गर भन्ने बाढीपहिरो रूपी प्रकृतिको सन्देशलाई अब अवहेलना किमार्थ गर्नु हुँदैन । जनताले तिम्रो काम कारबाहीप्रति संविधानअन्तर्गत शान्तिपूर्ण विरोध गर्दा वर्षने लाठी, अश्रुग्यास र पानीका फोहरा हान्ने प्रभावकारी शक्ति बाढी र पहिरोको वितण्डाबाट पीडित नागरिकको घाउमा मलम लगाउने काममा किन प्रभावकारी देखिएन ? सत्तामा जो आए पनि अक्षम, भ्रष्ट र कुशासकबाहेक देशले के पायो ? भ्रष्टलाई भ्रष्टले प्रतिस्थापन गर्ने यो व्यवस्थामा नागरिकको भविष्य छैन । नागरिकको भविष्य नभएको व्यवस्थामा नागरिकको हित के सम्भव छ ? प्राकृतिक प्रकोपबाट पीडितलाई बचावट गर्ने संयन्त्र कतै प्रभावकारी नदेखिने अवस्थाले यो व्यवस्थाले उत्पादन गरेको नेतृत्व सक्षम छैन भन्ने प्रमाणित भयो । अब अविलम्ब विकल्प खोज भन्ने प्रकृतिको सन्देशलाई बुझ्नु र त्यसअनुरूप अहिलेको नेतृत्वले खोला, पहाडको भाषालाई सबै पार्टीका मुखियाहरूले व्यवहारबाट कहिले आत्मसात गर्ने ? पुष्पकमल दाहालले पार्टीमा नेतृत्व हस्तान्तरणको बहसमा म मृत्युपछि पनि पार्टीको नेतृत्व गर्छु भन्न भ्याए । यो दृष्टिकोण खड्ग ओली, शेरबहादुर र रामचन्द्र एण्ड कम्पनीलगायत सबै पार्टीहरूको अवस्था भिन्न छैन । यिनीहरू सबैलाई जीवनभर पद चाहिन्छ । हत्याहिंसाको नेतृत्व युगौंयुगसम्म अब इतिहासले पुष्पकमलको जिम्मामा दियो । व्यक्ति हत्याबाट राजनीतिक परिवर्तन ल्याउने नाममा १४ वर्ष व्यक्ति हत्याको आरोपमा जेल बस्ने खड्गप्रसाद एण्ड कम्पनी इतिहासमा कसरी अमर हुने ? देशमा उद्योग धन्दाहरूलाई व्यक्तिको जिम्मा लगाएर देशलाई परनिर्भरताको खाडलमा जाक्ने र काठमाडौंमा सानु कोठासम्म आफ्नो बलबुतामा भाडा तिर्न र हातमुखसम्म जोर्न कठिन हुने शेरबहादुर, रामचन्द्र एण्ड कम्पनीहरूले बनाएका घर, सर्भेन्ट क्वाटर र उनीहरूको नेतृत्वमा भए गरेका कुशासनका दस्तावेजले सम्बन्धित सबै इतिहासमा उल्लेखित नाम हुन् । यस्ता घटना र दुर्घटनाको साक्षी नेपाली समाज भएकोले नेतृत्वले जनता र देशलाई दिएको धोखा र भ्रष्टाचारको उपहार इतिहासले किमार्थ भुल्दैन । तसर्थ अब तिमीहरू सत्तामा रहे पनि वा नरहे पनि तिम्रो हिजोको लगानीलाई असुल गरेको कालो इतिहास कहिल्यै मेटिन्न । अमरत्व मानिसले राम्रो वा नराम्रो कामले पाउँछ । यो तीस वर्षको नेतृत्वले राम्रो काम यदि झुक्किएर गरेको छ भने ऊ त्यसकै लागि नियुक्त भएको हो त्यसको गणना र हिसाब हुँदैन । नराम्रा कामहरू जस्तो वाइडबढी, यती, ओम्नी, लडाकुको पारिश्रमिक घोटाला, बालुवाटारको, बाँसबारीको, स्काउटको जग्गा र नेपाली नागरिकलाई भुटानी बनाउँदै अमेरिका निर्यात् जस्ता अनगिन्ती कुकर्मले सबै पार्टीका सबै नेता नेपालीहरूको नकारात्मक सूचीमा अजरअमर छन् । हाम्रो राजनीतिले आफ्नो र आफ्नाको हितका लागि खोलाहरूलाई, जंगललाई तीव्र रूपमा अतिक्रमण गर्दै आयो । खोला, जंगल बोल्दैनन् भनेर यिनीहरूलाई वर्षौंदेखि अतिक्रमण गर्दै कसैले आर्थिक फाइदा लिए कसैले राजनीतिक फाइदा लिए । यसैलाई सफलता र प्रगति मान्ने हाम्रो राजनीति र समाजलाई गत केही दिनदेखिको अविरल वर्षाका कारण नदीको बहावमा भएको वृद्धिले देशभर विशेषत: राजधानीको जनजीवन अस्तव्यस्त बन्यो । राजधानीमा नै सरकारले आफ्ना नागरिकको जीउधनको सुरक्षा गर्न पूर्णत: असफल भएको आँखाले देख्यौं तर सरकार आफू असफल भएको विषयमा उच्चारणसम्म गर्न तयार छैन । पञ्चायत कालमा दशरथ रंगशालामा भीडले केही मानिसहरू मरे । पञ्चायतको सरकारका खेलकुदमन्त्री केशरबहादुर विष्टले त्यसको जिम्मेवारी लिए । उनले पदबाट राजीनामा गरे । उनले जुन स्तरको नैतिकताको प्रदर्शन गरे के बहुदलीय व्यवस्थाका मन्त्रीहरूले, प्रधानमन्त्रीहरूले, राष्ट्रपति पदमा आसीनहरू कसैले त्यस स्तरको नैतिकता प्रदर्शन गरेर राजीनामा दिने र त्यसको नैतिक जिम्मेवारी लिन किन सक्दैनन् ? पञ्चहरूको तुलनामा यिनीहरू बढी पदलोलुप, स्वार्थी र भ्रष्ट भएको अब प्रमाणित भएन ? जनजीवन नै अस्तव्यस्त भएको अवस्थामा प्रधानमन्त्री जस्तो सरकारको अभिभावकीय पदीय हैसियतमा रहेको व्यक्ति देश यसरी शोकमा रहेको बेला विदेशी पाउनासँगको भोजमा रमाउने ? अविलम्ब देश फर्केर अवस्थालाई सामान्यीकरण अभियानमा लैजान जुट्नुको साटो अब भोलिदेखि पानी पर्दैन भन्ने विज्ञप्ति निकाल्ने ? के तिनको विज्ञप्तिले पीडितहरूको भोक मेटिन्छ ? वासस्थानको व्यवस्था हुन्छ ? जनताको दु:खमा जनतामाझ हुनुपर्ने न्यूनतम् शिष्टाचारसम्म निर्वाह गर्न नसक्ने पनि जनताको मन्त्री, प्रधानमन्त्री हुन्छ ? जनताको प्रधानमन्त्री पद लिन सजिलो छ तर जनताको वास्तविक प्रधानमन्त्री हुने क्षमता र योग्यता प्रदर्शन गर्ने विषय सजिलो छैन । कुन व्यक्ति जनताको हो कुन होइन भनेर चिन्ने र जान्ने अवस्था भनेको संकटमा हो । जनताको प्रधानमन्त्री भएको भए भोलिपल्टै स्वदेश फर्कन्थे । यी आधुनिक निरोलाई जनता बाँचुन् वा मरुन् मतलब छैन । राजधानीमै जनताले राहतको अनुभूति नगर्ने र नपाउने अवस्था भनेको जनताको उद्धारका लागि भिजिबिलिटी हेलिकप्टरमा नभएको होइन यसका सञ्चालकहरूको मस्तिष्कमा भिजिबिलिटी नभएको प्रमाण हो । देशभरका खोला र बाढीले तिमीहरूमा नेतृत्व क्षमता छैन भन्ने घोषणा गरे । हुन त बहुदलीय व्यवस्थामा प्रतिस्पर्धा नै अक्षमका बीचमा हुन्छ । जसले प्रतिस्पर्धामा जिते पनि जनताले पाउने अक्षम प्रधानमन्त्री, अक्षम मन्त्री र अक्षम राष्ट्रपति हुन् भन्ने विषय अहिले यिनीहरूको चरित्र, कार्यशैलीले प्रमाणित गरेको यो कटु सत्य हो । नेपालको एउटा होइन सबै पार्टी खराब, अनैतिक र भ्रष्टहरूको कब्जामा छन् । यिनै भ्रष्ट र अनैतिकहरूको छनौटमा सधैं भ्रष्ट, अनैतिक र यिनका नातागोताका प्राथमिकतामा हुने भएको हुनाले यस्तो व्यवस्थामा असल मानिसको नेतृत्व सम्भव देखिएन । बालेनजस्ता व्यक्तिहरू झुक्किएर निर्वाचित भए भने तिनीहरूका योजना र कार्यक्रमहरूलाई तुहाउने काम गर्नेलाई कसरी जनताको प्रतिनिधि भन्ने ? थप जनताको भोटको दुरुपयोग गर्नेहरू कसरी जनप्रतिनिधि हुन्छन् ? बहुदलीय व्यवस्थामा पदमा पुग्नेमा जनप्रतिनिधिको क्षमता कसैमा देखिएन । यिनीहरू सबैले व्यक्तिगत मोजमस्ती र अवैध धनार्जनमा रेकर्ड बनाएका छन् । कुनै राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीशले मेरो सम्पति छानविन गर भनेर राज्यका सम्बन्धित निकायलाई भन्न सक्छ ? अब नेतृत्वविरोधीलाई जेल हाल्ने होइन आफैंले आफैंलाई जेल हाल्ने साहस र इमानदार साथै नैतिकताको व्यवहारमा उच्च प्रदर्शन गर्ने नेता देशले खोजेको छ । अहिलेसम्म सबै पार्टीको नेतृत्वले धनप्रतिनिधीको क्षमताको प्रदर्शन गरेका छन् । हिजो अपवादबाहेक पार्टीमा काम गर्ने सबै सुकुम्बासी वा सो सरहका अहिले संसारकै धनाढ्यमा गणना भएको हुनाले यिनीहरूलाई अब जनप्रतिनिधि भन्नुभन्दा देशलाई खोक्रो बनाउने र आफू र आफ्ना मोटाउने धन प्रतिनिधिको संज्ञा दिनु उपयुक्त होला । हिजोका सुकुम्बासी अहिले सत्तामा आएपछि आफ्ना नातागोता र पिछलग्गुहरूलाई काठमाडौंमा बसोवासको व्यवस्था गर्न यिनीहरूले वरपरका जंगल र खोलाहरूको चरम अतिक्रमण गरे । सुकुम्बासी आयोग यिनीको खोलाहरू र जंगललाई अतिक्रमण गर्ने नीति हो । यो अख्तियार दुरुपयोगको नमुना हो । यो नीतिगत भ्रष्टाचार हो । अहिले काठमाडौंका खोलाहरू सबैले एकसाथ अतिक्रमणको विरोध गरेका हुन् । प्रकृतिले प्रतिकार गर्दा के हुन्छ ? अब होसियार हुने कि कार्यकर्ता पोस्ने राजनीतिलाई निरन्तरता दिने ? हिजो काठमाडौंमा बस्न कोठा भाडामा लिन नसकेर विद्यार्थीको कोठा र भान्सा सित्तैमा अधियाँ गर्नेहरूको अहिले सर्भेन्ट क्वार्टरसमेतका अनगिन्ती हबेलीहरू कसरी बने ? जनताको आँखामा सधैं छारो हाल्न किमार्थ सकिँदैन । अब जनताले त्यो छानविन र तिनीहरूको ज्यादतीलाई कानुनको कठघरामा उभ्याउने सशक्त आन्दोलनविना देशमा सुशासनको आशा गर्नु भनेको मरुभूमिमा पानीको अपेक्षा गर्नुजस्तै हो । हिजो दु:खका दिनहरूमा आश्रय दिने र पाल्नेहरूसँग यिनीहरू अहिले भेट्नसम्म चाहँदैनन् । अहिले नातेदार प्रिय छन् । हिजो काठमाडौंमा साथीहरूले बास दिने बेला तिम्रा नातेदार कहाँ थिए ? जेलमा भेट्न तिम्रा नातेदार कहिल्यै आएनन् । म त्यसको साक्षी छु । कुनै पार्टीको ज्वाइँ, भानिज हुँदैन भन्ने विश्वासले पार्टीमा लाग्नेहरू अहिले सबै पार्टीमा किन निराश छन् ? त्यो लेखाजोखाको विवेकको खडेरी नै अहिलेको राजनीतिक संकट हो । अहिले तिम्रो ध्यान सबै नातेदारसँग किन ? स्वार्थको पनि हद हुन्छ । न्यूनतम् इमानदारीलाई निर्वाह गर्न नसक्नेहरूसँग देश हाक्ने हैसियत हुँदैन । यिनीहरू सबैले सत्तामा रहँदा हैसियतलाई उदांगो बनाए । राष्ट्रको गरिमामय पदलाई धरौटी राखेर धन जम्मा गर्नेहरूको नेतृत्व कसरी सफल हुन्छ ? असफलताको पहाड र पहिरोले किच्दा पनि तिमीहरूको होस खुल्दैन भने अब कहिले खुल्छ ? यिनीहरूमा चरित्र, योग्यता, देश निर्माणको दृष्टिकोण शून्य भएको कुरा यिनीहरूको नातागोता मोह र धन मोहले प्रमाणित गरेका विषय हुन् । नयाँ दृष्टिकोण, विकासको योजनाबिहीनहरूको बहकाउमा भएका सबै आन्दोलनहरू जनताको विपक्षमा भएको कुरा अब प्रमाणित भयो । यिनीहरूमा लाज छैन । लाज हुनेलाई पो लाज लाग्छ । यी लाज शून्यलाई लाजको डर छैन् । लाजको डर नभएको नेता देशको नेतृत्व गर्न किमार्थ योग्य हुँदैन । नेताले आफ्नो योग्यताको प्रदर्शन स्वयंले योजना र कार्यक्रम र नयाँ रणनीतिका माध्यमले गर्नुपर्छ । योजनाशून्य नयाँ रणनीति नभएकाबाट हामीले अपेक्षा गर्नु नै हाम्रो मुख्य भूल हो । नेतृत्व गर्ने स्वयं योग्य भएको प्रमाण उसको चरित्र नैतिकता, जीवनशैली र कार्यशैलीको आधारमा मापन हुन्छ नकि उसको बकमफुसे भाषण र उसका कार्यकर्ताको प्रशंसाले नाप्ने विषय किमार्थ होइन । अहिले प्रकृतिले घोषणा गऱ्यो तिमीहरूले अहिलेसम्म विकास र समृद्धिको संज्ञा दिएका सबै सडक जनतालाई मृत्युवरन गर्न बाध्य बनाउने मृत्युको पासो रहेछन् । जनतालाई मृत्युको पासो उपहार दिनेहरूको नेतृत्व नालायक छ भन्ने पहाड र खोलानालाको घोषणालाई अब पनि नबुझे कहिले बुझ्ने ? प्रकृति पनि अक्षमहरूका विरुद्धमा देखियो भने अब सबै पार्टीका अक्षमको दिनगन्ति सुरुवात भएको त होइन ? समय बलवान् हुन्छ नकि मानिस ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ ।
**वृष** :नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ।
**मिथुन** :श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ ।
**कर्कट** :अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला ।
**सिंह** :कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ ।
**कन्या** :ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ।
**तुला** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्ला ।
**बृश्चिक** :मौकामा अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ ।
**धनु** :समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ।
**मकर** :दायाँ हातमा लक्ष्मीको वास हुनाले मनगगे आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ।
**कुम्भ** :तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू समेत बढ्नेछन् ।
**मिन** :धेरै खर्चको माहोल देखिए पनि धैर्यले काम लिंदा फाइदा हुनेछ ।




निबन्ध — ज्ञानेन्द्र विवश

# धुजाधुजा हुँदैनन् समयका पदचापहरू

**कदापि पनि धुजाधुजा, चकनाचुर हुँदैनन् समयका पदचापहरू । तिनमाथि कसैले जतिसुकै कठोर प्रहार प्रयोग गरे पनि । बेग्लै अस्तित्व र उपस्थिति स्थापित भइसकेको हुन्छ । तोडेर ऐननियमलाई, मिचेर परम्परागत मान्यतालाई त्यहाँ नवसाम्राज्य खडा गर्न कहाँ सकिन्छ र ? सुकिलो श्वेत क्यानभासमा फोहोरी हिलोले छ्यापेर निरन्तरताको क्रमभंग गर्न समय पर्खिनुपर्छ । निदाउन पुग्छ ।**

गडगडाएर तीव्र हुँकारले कुर्लिंदै, उर्लिंदै वेगले फाल हाल्दै उछिन्दै यौटा भेल समयको नेटो काट्न उद्दत । गडगडाएर कहाँ हुनु, हडबडाएर झन् कहाँ काम बन्नु ! धैर्यले बटुल्दै साहसका उरुङखात साहसी जाँगरहरू, धर्म र कर्मले अलिकति ममताले ओतप्रोत हुँदै लक्ष्यमा उन्मुख जीवन-घाम ।

कदापि पनि धुजाधुजा, चकनाचुर हुँदैनन् समयका पदचापहरू । तिनमाथि कसैले जतिसुकै कठोर प्रहार प्रयोग गरे पनि । बेग्लै अस्तित्व र उपस्थिति स्थापित भइसकेको हुन्छ । तोडेर ऐननियमलाई, मिचेर परम्परागत मान्यतालाई त्यहाँ नवसाम्राज्य खडा गर्न कहाँ सकिन्छ र ? सुकिलो श्वेत क्यानभासमा फोहोरी हिलोले छ्यापेर निरन्तरताको क्रमभंग गर्न समय पर्खिनुपर्छ । छिनभरमै कालो रातको पर्दा खोलेर उज्यालो दिन कहाँ आउँछ र ! त्यही उज्यालो दिन पनि ढलेर निस्लोट रातको अँधेरीमा इन्तु न चिन्तु भई मस्त निदाउन पुग्छ । निदाएको आँखालाई बिउँझाउनु हुँदैन । बिउँझिएको ज्यानलाई सुताउने कोसिस पनि गर्नु उचित होइन । स्वत: सपना देख्न सकिने हुनुपर्छ । स्वयम्मा जीवनबोधको चेतना जागृत हुनुपर्छ । 'तातै खाऊँ, जल्दै मरूँ' भनेर कहाँ हुनु ? हतपतको काम लतपत हुनसक्छ । हतारमै अलमल हुन्छ । कतै जाने हतारमा कैयौँ सरसामानहरूको जतनजगेडामा ध्यान भंग भइरहेको हुन्छ । जुन सामान छुट्ला भन्यो आखिर त्यही सामान कतै हराइरहेको हुन्छ । अनि, खोज्नुको हैरानीमा अन्य तमाम कामहरू अस्तव्यस्त हुन पुग्छन् । कोही कसैलाई कहिले पनि समयले पर्खिंदैन । समय पछाडि फर्किंदैन । तर, समयले साथ दिँदा असम्भव भन्ने केही हुँदैन । समयलाई चिनिएन र बुझिएन भने समयले टाप ठोक्छ । समयले लगाम पक्रिसकेपछि बेतोडले गति तीव्र भएर जान्छ । त्यसपछि समयलाई भेट्न गाह्रो हुन्छ । समयलाई समातेर समयसँगै एकसाथ हिँड्दा कतै, कुनै पर्खाइ बाँकी नरहन सक्छ । यसरी समयलाई बुझेर समयकै साथ हातेमालो गरेर हिँड्दा समयले अवश्य साथ दिन्छ । समयले साथ दिनु भनेको सफलतानजिकै पुग्नु हो । समयका पदचापहरू पछ्याउँदै जाँदा साँच्चै शिखरमा आनन्द भेटिन्छ, भेटिनुपर्छ । त्यसैले धुजाधुजा, चकनाचुर हुँदैनन् समयका पदचापहरू कहिल्यै । बरु, सधैँ ताजापनको तन्दुरुस्त अवस्थामा सचेत पार्दै, सजग राख्दै सबैलाई समयसँगै हिँड्न प्रेरित गर्छ, गरिरहन्छ । अन्यथा, समयको पछाडि परेपछि कहाँ पुग्नु पुग्ने ठाउँमा, कहिले सक्नु गर्नुपर्ने कामधाम ? बाँकी रहेपछि कामहरू तिनले चटारोमा पार्छन् बेलाकुबेला ।

अन्तत: समयमै नसक्नुका कति कामहरूले ज्यान खान्छन् । समयलाई चिनेर काम फत्ते नगर्नुका कमजोरीले सताएर, दिमाख तताएर तनावमा पनि पुऱ्याउँछन् । समयलाई चिनेर समयमै काम नसक्नुका फाइदा कम बेफाइदा धेरै हुन्छन् । कठिनाइको मोडमा पुगेर कहिलेको हारगुहार निरर्थक साबित हुन पुग्छ । कहिले त्यसले सफलताको चुली पनि टेक्न सक्छ । हारियो भनेर सदाका लागि हारेकै ठान्नु हुँदैन । सफलता टेकियो भनेर फेरि अहम्ले मात लाग्नु हुँदैन । एकल निर्णयले हावा खाइसकेको अवस्था छ अहिले । सामूहिक हितका कामहरूले प्राथमिता पाउनुपर्छ भन्ने मान्यता स्थापित भइरहेको छ । यद्यपि, परन्तु, किन्तु, तथापिजस्ता अनावश्यक शब्दहरूकै बग्रेल्तीमा बलमिचाइँ भइरहेको जस्तै राजनीतिमा पनि कम बलमिचाइँ र आफन्तवादको नाता कायम छैन ।

अर्को कुरा, शिष्ट र सभ्य भाषाको मिठासमा अचाक्ली गालीगलौजको घटिया शैलीले नेपाली भाषाकै गरिमालाई घाटा पुऱ्याइरहेको देखिन्छ । जुन कुरा नहुनुपर्ने थियो त्यही हुनु दुर्भाग्य पनि हो । हाम्रो समाजमा यस्तै दुर्भावनाहरूको बढोत्तरी जो भइरहेको छ, त्यो राम्रो होइन । त्यसले कसैलाई पनि फाइदा गर्दैन । यसैबीच, राष्ट्रिय सोचविचारको फलिफाप हुनुपर्ने हो । यही कालबेलामा स्वार्थी मनस्थितिहरूको कहालीलाग्दो ठेलमठेल हुन थाल्छ । त्यसपछि कहाँ 'सर्वहिताय' को चरित्र चरितार्थ हुन सक्नु ? कहाँ 'तमसोमा ज्योतिर्गमय' ले अँध्यारो पाटोलाई उजिल्याउन सक्नु ? त्यहाँ त व्यक्तिस्वार्थले दिनदहाडै कुम्लोकुटुरो भरिभराउ पार्न थाल्छ । सकिँदैन रहेछ सोचाइको यात्रामा जिन्दगीका मधुर, स्वप्निल अनि सुखद आयामहरू भित्र्याउन । बरु, रहरहरू केलाउँदै, निफन्दै, छान्दै छङछङ कञ्चन काया-कलेवर जीवनवयको, कतिकति अप्ठ्यारा जँघारहरू छन् तर्नुपर्ने, पुग्नुपर्ने, भेट्नुपर्ने थातथलोका अनाम गोरटाहरू ।

जहाँबाटै ढाकेर धम्मरधुस बसेका ढुंगाहरू पन्छाएर अलिकति मिलाउने गरिएन । पाइलालाई सजिलो र सहज बाटोको सुविधा टाढाकै कुरा भयो । जहाँ कहिल्यै झारपात उखेलिएनन् । झोरझाडी फाँडिएनन् । हिँड्नेहरू कहाँ पुगिसके, नेटो काटेर धेरै टाढा । बस्नेहरू, बिसाउने र सुस्केरा फेर्नेहरू अझै उठ्न सकेका छैनन् । जीवनले गोधूलिको समय निम्त्याइसक्यो, तर बिहान बनेर नौलो उत्साहको उल्लासमा हाँस्दै बोल्ने दिन सुदूरअतीततिरै विलीन हुँदै गइरहे, गइरहे । च्यातेर धुजाधुजा, धुलोपिठो पार्न सकिँदैन रहेछ समय, सम्झौता र साथसंगतहरूलाई । जहाँ जीवनकै प्रतिच्छाया बनेर अमिट छाप लागिसकेको हुन्छ । यौटा बेग्लै चिनारीको लयमा परिचयको सोपान निर्माण भइसकेको हुन्छ । पछ्याइरहने रहेछ छाया बनेर कहिले । सपना भएर कुनै रात । घाँटी नै निमोठ्न आइहाल्ने, जाइलागिहाल्ने रहेछ यो ज्यानमारापन । गतिछाडाले छाडेपछि बाँकी के रहन्छ र ! अनि, मिठो सपनाकै हत्या गरेर अनायास ऐंठन गराउन अग्रसर रहने रहेछ । मुस्कानभरि खुसी बोकेर कहिले मायाको आभास गराउने, कहिले रातबिरात सत्तोसरापका सन्देहसँगै मनै तड्पाउने गरी निर्मम झापडले हान्ने । यो मान्छेको जात जति गरे' नि कहिल्यै पुगीसरी नठान्ने असन्तोषी, अपजसी, बैगुनी नै हुँदो रहेछ । 'गुनको बदला गुन' हुँदैन यहाँ । 'नमरी बाँचे अर्को जुनीमा तिरौँला' भन्ने मानसिकता पनि छैन यहाँ । दोष देखाएर साबुनपानीले जति नै पखाले पनि प्रकृतिको रङ पखालिँदैन । जाँदैन उडेर भुंग भई रङ खुइलिँदैन कहिल्यै प्रकृतिको । शाश्वत सत्य त्यसमै छ प्रकृति र जीवनका सनातनी सम्बन्धका सुन्दर सम्झौताका दस्ताबेजहरू । आपसी मित्रवत् प्रगाढ सम्बन्धको सिलसिलाले निर्माण गरिदिएको यो संसार ! प्रकृतिको उपस्थितिमा जीवन चलायमान हुन्छ । प्रकृतिको सौन्दर्यमा जीवनले आनन्दको अनेक भावना उत्पन्न गर्छ ।

हिँडेर उकाली र ओराली यस्तै गति हो भने गन्तव्य झन्झन् टाढिँदै जान्छ । पुगेर पुग्न निकै मुस्किल हुन्छ । पार पाउन हम्मेहम्मे नै हुन्छ । कठिनको यो जीवन-यात्रामा भनेजस्तो हुन पनि महाभारतै पर्ने रहेछ । परन्तु, दु:ख छ भनेर दु:खी मनमा आँसुकै खोलाबाढी बगाएर बस्नु पनि भएन । सुख छ, पुगीसरी सबैथोक छ भनेर अर्कालाई तथानाम बकेर हाँसिरहनु पनि उचित होइन । आँसु र हाँसोको संगममा जीवन-नियतिको यात्रा छ । धेरै खुसीमा उचालिनु र दु:खमा पछारिनु पनि गलत छ । समान सद्भाव र सामूहिक भलो नै सबैको समुन्नति हो ।

पखालेर सारा मैलाहरू पानीले तर पखालिन्न रहेछ तनका मैलाधैला दागहरू हर्पिक वा सर्फपानीले जतिसुकै धोए पनि, घोटे पनि । प्रकृतिको सौन्दर्यलाई कसैले सिँगार्नु पर्दैन, कहिल्यै धोई पखाल्नु पर्दैन । सिनित्त सफा मनमोहक छटा-छविमा प्रस्तुत । अत: मृत्युपर्यन्त समयका डोबहरू रहिरहन्छन् । टुक्रिएर, उछिट्टिएर, भागेर, हराएर वा धुजाधुजा, चकनाचुर भएर कहीँ कतै कहिल्यै जाँदैनन् समयका पदचापहरू । बरु, तिनले इतिहास निर्माण गरिरहेका हुन्छन् । प्रेरणा जन्माउँदै प्रभावहरू हुर्काउँदै सप्रेम मानवीय हार्दिकपन लेपन गरिरहेका हुन्छन्, जुन आजको, अहिलेको, तत्कालको आवश्यकता हो ।

*-बाह्रखरी डटकम*

कथा — पेशल कुमार लुइँटेल

# सन्तानको मुखाकृति



'वकिल साहेब ! जतिसक्दो चाँडो म सम्बन्धको डोरी चुँडाउन चाहान्छु । यो जिन्दगीले मनको खुशी पहिचान गर्न पाउने कि नपाउने ?' म सुनिरहेको छु उनलाई । एक सुन्दर महिला जो मेरो अगाडि बसेर बोलिरहेकी छिन् । 'सम्बन्ध गलपासो हुनु हुँदैन । यो बन्धनबाट म मुक्ति चाहान्छु । मेरा सम्पूर्ण खुशीहरूलाई कैद मुक्त गर्न चाहान्छु ।' उनको आवाजमा केही रोदन, केही क्रन्दन र केही चिच्च्याहट मिसिएको छ । 'म अति नै पीडामा छु । अब म सहन सक्दिन । हिजो राति पनि रक्सी खाएर लोग्नेले हातपात गऱ्यो ।' उनी आँखाबाट पीडाहरू पोखिरहेकी छिन् । लाग्छ उनी पीडाको पराकाष्ठामा छिन्, चरम यातनाबाट गुज्रिरहेकी छिन् र शरीरभरि नीलडाम बोकेर बाँचिरहेकी छिन् । "सधैं जसो हो कि कहिलेकाहीँ मात्र यातना दिन्छन् तपाईंका पतिले ?" मैले उनको निधारको नीलडाम नियाल्दै सोधेँ । "म आर्थिक उपार्जनको लागि धेरै दु:ख गर्छु । त्यही पैसा पनि लोग्नेले खोसेर लग्छ र रक्सी पिउँछ । अनि मातेपछि मलाई जबरजस्ती गर्छ । न त शारीरिक सुख छ न त मानसिक सुख । सधैंजसो यस्तै गर्छन् ।" उनी डाको छोडेर रुन थालिन् । महिलाहरू कत्ति धेरै यातना सहेर पनि बाँचिरहेका हुन्छन् । के एक पटक विवाह भयो भन्दैमा एक नारीले जस्तोसुकै पीडा सहेर पनि घरबार जोगाउनु पर्ने हो र ? - मैले आफैसँग अनुत्तरित प्रश्न गरेँ । छेउको गमलामा भएको हरियो मनी ट्रीतर्फ आँखाहरू डुलाएँ ।

"अनि सम्पत्ति के कत्ति छ ? तपाईं अंशसहितको सम्बन्ध विच्छेद चाहानुहुन्छ हो ?" मेरो प्रश्नप्रति उनको ध्यान केन्द्रित भयो । "छ, एउटा घर छ कोटेश्वरमा ६ आना जग्गामा बनेको । अहिले ३ करोडमा बिक्छ । हो म अंशसहितको सम्बन्ध विच्छेद चाहान्छु ।"

"अनि तपाईंका पति सम्बन्धविच्छेद गर्न तयार छन् त ? दुवैको सहमति भयो भने सजिलो र चाँडो हुन्छ कानूनी प्रक्रिया ।" कानूनी प्रावधानको बारे सुझाएँ । "पटक्कै मान्दैन, तँलाई छोड्दिन भन्छ । जहाँ गए पनि तँलाई बाँच्न दिन्न भन्छ । के सम्बन्धविच्छेद भएपछि पनि उसले मलाई त्यस्तो गर्न मिल्छ ?"

"तपाईंको अनुमति विना सम्बन्ध विच्छेद भइसकेपछि छुन पनि पाउँदैन । त्यसो गरेमा उसलाई कानून लाग्छ ।" यसो भनेको सुनेपछि उनको मुहारमा खुशी फुल्छ । त्यो खुशीको फूल कमलको फूलझैं देखिएको छ र उनको मुहारमा आशाका अन्य कोपिलाहरू फक्रिने क्रममा छन् । "कानूनी प्रक्रियाको लागि आवश्यक पर्ने सम्पूर्ण कागजात लिएर जहिले आए पनि म दर्ता प्रक्रिया शुरू गर्नेछु ।" मेरो कुरा उनले सानो नीलो रङ्गको डायरीमा टिपिरहेकी छिन् । "भोलि १० बजे नै म सबै डकुमेन्ट लिएर उपस्थित हुनेछु वकिल साहेब, जतिसक्दो चाँडो यो काम सकाइदिनुहोला बरु म तपाईंको पारिश्रमिकमा केही थप विचार पुऱ्याउनेछु ।" यसो भनिरहँदा मलाई उनी साह्रै अन्यायमा छिन् र चाँडै न्यायको धरातलमा अवतरण हुन चाहन्छिन् भन्ने भाव जागृत हुन्छ । भोलिपल्ट उनी १० नबज्दै आइन् । आवश्यक सम्पूर्ण कागजातहरू साथैमा ल्याएकी रहिछन् । मैले फिराद पत्रको मस्यौदा तयार गर्न कार्यालयका कर्मचारीहरूलाई निर्देशन गरें । उनी पर्खिएर बसिरहिन् । मस्यौदा उनलाई पढिबाची सुनाउन समेत मैले आग्रह गरें । फिराद पत्रको मस्यौदामा उनले कूटपिट, हातपात र होलोहेचो गरेको कुरालाई थप्न आग्रह गरिन् । सोही बमोजिम फिराद पुन: सम्पादन भयो र मेरो टेबलमा आयो । मैले केही नजिरहरू र कानुनी दफाहरू मिलेनमिलेको हेरी रातो कलमले हस्ताक्षर गर्दै अन्तिम फिराद पत्र प्रिन्ट गर्न आग्रह गरें । फिरादमा मस्यौदाकर्ताको रूपमा कारणी स्वयंलाई मस्यौदाकर्तामा हस्ताक्षर समेत गर्न लगाई फिराद पत्र दर्ताको लागि जुनियर कानून व्यवसायीलाई पठाएँ । उनी कार्यालयबाट बाहिरिइन् तर उनको आशावादी मुहार भने मेरो कार्यालय परिसरमा घुमिरह्यो केही समय । हिंड्ने बेलामा मुद्दाको लागि आवश्यक दस्तुर पनि छोडेर गइन् । उनको मुद्दा दर्ता भयो । तारिख पर्चा र दर्ता रसिद सहित फिराद पत्र संलग्न मिसिल तयार भयो ।

कानून बमोजिम उनको लोग्नेको घरदैलोमा म्याद तामेली भयो । उक्त म्यादभित्र फिराद पत्रको प्रतिउत्तर सहित उनको पति अदालतमा उपस्थित हुन्छ । ऊ जुन दिन अदालतमा प्रतिउत्तर दर्ता गर्न आएको हुन्छ त्यस दिन मैले उसको कानून व्यवसायी र उसलाई फाँट नम्बर ६ मा देख्छु । यो हाम्रो अपरिचित भेट थियो । उसलाई देख्दा बाहिरी रूपमा उनले भनेजस्तै रिसाहा, भंज्याहा र जँड्याहा जस्तो देखिन्छ । उसको हेराइमा आक्रोशको भाव प्रष्ट देखिन्छ । प्रतिवादी भएको हुनाले मैले उसलाई केही भन्न र बोल्न मिलेन । प्रत्तिउत्तरकर्ता र उसको वकिल फाँटबाट बाहिरिएपछि मैले प्रत्तिउत्तरको प्रतिलिपि लिएँ र कार्यालयतर्फ लागें । प्रत्तिउत्तरमा उसले छोरो १६ वर्षको भएको कुरा खुलाउँदै बच्चाको मानसिकतामा नकारात्मक असर पर्नसक्ने भएकोले सम्बन्धविच्छेद गर्न नचाहेको कुरा खुलाएको रहेछ । उसकी पत्नी भने जसरी पनि पतिबाट टाढा रहन चाहन्थी । कुनै कुराहरू सुन्ने पक्षमा थिइन ऊ । उसको दृढता देख्दा मलाई लाग्थ्यो - महिलाहरूले धेरै प्रतीक्षा पछि निर्णय लिन्छन् र त्यो निर्णयबाट उनीहरू च्युत हुन सक्दैनन् । जस्तो कि लोग्ने मान्छे घर छाडेर हिंड्छ र केही समय, केही वर्ष या भनौं लामो समयपछि पनि घर फर्किन सक्छ । तर, महिलाहरूले घर छोडेर हिंडे भने फर्किन असम्भव प्राय: हुन्छ । उनले धेरै सोच विचार गरेर निर्णय लिएकी छिन् कुनै रीस र आवेगमा हतारिएर उनले निर्णय लिएकी हैनन् । कानूनी प्रक्रिया शुरू भएपछि सम्बन्धविच्छेदको फैसला हुन झण्डै १३ महिना लाग्यो । यस अवधिमा मैले पनि मिलेर बस्नुस् । छोराको लागि भए पनि नछुटिनुस् भन्दै बारम्बार आग्रह गरें । तर, त्यो सम्भव भएन । अन्तत: प्रचलित कानून बमोजिम उनीहरूको सम्बन्ध विच्छेद भयो । महिलाले दर्ता गराएको मुद्दामा सम्बन्ध विच्छेद प्रायश: सजिलै सम्भव हुन्छ । १६ वर्षको छोरोले आफू बाबुसँग बस्ने इच्छा राख्यो र सोही बमोजिम फैसला भयो । सम्बन्धविच्छेदको फैसलाको राय किताबका हरफहरू सुनेपछि पत्नी प्रफुल्लित देखिइन् । तर, पति र छोराको आँखाहरू भने रसिला देखिएका छन् । झण्डै ६० दिनपछि फैसलाको पूर्ण पाठ तयार हुन्छ । यो अवस्थासम्म आइसक्दा पनि पत्नीप्रति आफ्नो हक भएको जस्तो भाव देखिन्छ पतिमा । घरी झम्टिन खोज्ने, घरी चिथोर्न खोज्ने त घरी हात हाल्ने जस्ता हरकत उसले शुरूदेखि अन्तिमसम्म देखाइरह्यो । सम्पत्तिको बाँडफाँडसहित अंशसहित उनीहरूको सम्बन्ध विच्छेद भयो ।

त्यस घटनाको करीब करीब ३ महीना पछि एक साँझ म घर फर्किने क्रममा थिएँ । सम्बन्ध विच्छेदवाली उही महिलालाई मैले निलो रङको भक्स वागनको पोलो गाडीमा अधबैंसे लोग्ने मानिससँगै बसेको देखें । उक्त गाडी मेरो घरको बाटो हुँदै अगाडि बढ्यो । मैले पनि निगरानी गरिरहें । उनीहरू मेरो घर छेउको अपार्टमेन्टभित्र छिरे । म आश्चर्यमा परें । गेटमा एउटा पाले हरियो रङको पोषाकमा उभिएको थियो । म उसको छेउमा गएर रोकिएँ ।

सोधें, "अहिले भर्खर भित्र गएको गाडी कसको हो भाइ ?"

मलाई हेऱ्यो तर मेरो प्रश्नलाई वास्ता नगरेझैं गरे । शायद उसले केही भन्न चाहेन । मैले चिया खाऊ बाबु भन्दै रु ५०० को नोट उसको गोजीमा हालिदिएँ । ऊ थोरै पुलकित भयो र भन्यो, "अगि भित्र गएको त्यो गाडी काठमाडौंका पूर्व मेयरसाबको हो । उनी अति धनाढ्य व्यक्ति हुन् ।"

"अनि ती महिला ?" मैले उत्तरको अपेक्षासहित सोधें ।

उसले भन्यो, "उनको धेरै वर्ष अगाडि देखिको गलफ्रेण्ड हो क्या । यहाँ अपार्टमेन्ट लिनुभएको धेरै वर्ष भयो ।" सम्बन्ध विच्छेदवाली महिला प्रतिको मेरा सम्पूर्ण विश्वास, सद्भाव र सोचहरू नष्ट भए । शायद खरानी नै भए । उसको पति र छोराको मुहार मेरो परिधिमा घुमिरह्यो । बतासले बेस्सरी चिच्याए जस्तो लाग्यो । त्यहाँ नजीकै रहेको रूखका पातहरूले बिलौना गरे जस्तो लाग्यो । त्यो रूख प्यारालाइसिस भएको जस्तो देखिन थाल्यो । र, मेरा आँखाहरू परेलीको पर्दाभित्र प्रवेश गर्न चाहेनन् ।

मेरो मनमा एक किसिमको भाव झल्कियो...

एउटा सपना टुट्छ सम्बन्ध हो, सीसा भनी
सम्बन्ध बिग्रिँदै जान्छ हिस्सा सम्बन्धकै बनी
ऐनासरि फुट्यो एक पारिवारिक आकृति
उसकै उनकै देख्छु सन्तानको मुखाकृति ।।

*-साहित्यपोष्ट डटकम*

# टिका र जमरा लगाइदिएर विद्यार्थीलाई दसैं छुट्टी



**पाल्पा,** असोज १६/जिल्लाको माथागढी गाउँपालिकाको सराइमा रहेको माउण्ट भ्याली इङ्गलिस स्कूलले निधारमा टिका, हातमा दक्षिणा र कानमा जमरा लगाइँदिदै विद्यार्थीलाई दसैं छुट्टी दिएको छ । नेपालीहरुको महान चाड बडा दसैं नजिकै जादाँ स्कुलले शिक्षक, कर्मचारीहरुबिच टिका जमरा लगाएर शुभकामना आदान-प्रदान गरी दसैं छुट्टी गरेको हो ।

दसैं, तिहारको अवसरमा विद्यालय विदा हुने भएपछि विद्यालयका प्रवन्ध निर्देशक अशेष भट्टराई, प्रिन्सिपल प्रेमराज खराल, शिक्षक शोभा भट्टराईले विद्यार्थी शिक्षक, कर्मचारीलाई टिका लगाइदिई आर्शिवाद दिएका छन् । विद्यार्थीहरुलाई चाडपर्वको महत्व र संस्कार बसाल्नका लागि टिका र जमरा लगाउने परम्परा बसालिएको प्रवन्ध निर्देशक भट्टराईले बताए । विद्यार्थी, शिक्षक, कर्मचारीहरुलाई दसैंको टिका जमरा लगाई दिदै उनले दसैं सबै नेपालीहरुको महान चाड भएकाले एक आपसमा मिलेर मनाउनुपर्नेमा जोड दिए । प्रवन्ध निर्देशक भट्टराईले जाति, धर्म, लिङ्ग, पेशाबाट माथि उठेर यस्ता चाड पर्व मनाउनु पर्ने बताए ।

सबै खालका संस्कार संस्कृति र पर्वले एक अर्का बिचको एकता कायम हुने र सम्बन्ध प्रगाढ बनाउने उनको भनाई छ । प्रिन्सिपल खरालले विद्यार्थी तथा बालबालिकाहरुलाई विद्यालयबाटै दसैं पर्वको महशुस गराउँदा, उनीहरुमा खुसीयाली बढ्ने, जोस जागर भरिने, एक आपसमा रमाउने गरेको बताए । उनले भने 'विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थीहरुबिच नेपालमा मनाईने सबै धर्म, जातजातीका चाडपर्व एक आपसमा मिलेर मनाउने, एउटा धर्मको पर्व अर्कोलाई जानकारी गराउने उद्देश्यले विद्यालयमा सबै पर्व मनाउँदै आएका छौं ।' सो कार्यक्रममा शिक्षक शोभा भट्टराईले नेपालमा मनाइने सबै खालका चाड पर्वले सबैमा खुसीयाली ल्याउने, एकआपसमा सुमधुर सम्बन्ध बनाउने भए पनि दसैं, तिहार, छठ तथा नेपाल सम्वत जस्ता पर्व नेपालीहरुको लागि विशेष पर्व रहेको बताइन् ।

# बाढीपहिरामा परी मृत्यु हुनेको संख्या दुई सय २८ पुग्यो



**पाल्पा,** असोज १६/बाढी-पहिरामा परी हालसम्म दुई सय २८ जनाको मृत्यु भएको छ । गृह मन्त्रालयका अनुसार देशका विभिन्न स्थानमा गएका बाढी पहिरामा परी दुई सय २८ जनाको मृत्यु भएको हो ।

जसमा २५ जना बेपत्ता भएका छन् । अन्य एक सय ५८ जना घाइते भएका छन् । हालसम्म बाढीपहिरो प्रभावित क्षेत्रबाट १३ हजार ७१ जनाको उद्धार गरिएको छभने खोज, उद्धार र सहायता परिचालन गरिएको मन्त्रालयले जनाएको छ । प्रभावितलाई खाद्यान्नलगायत राहत सामग्री प्रदान गरिनाका साथै घाइतेको नि:शुल्क उपचार भइरहेको छ । सरकारले उद्धार र राहतलाई उच्च प्राथमिकता दिएको र यातायात सञ्चालन गर्न अवरुद्ध राजमार्ग सञ्चालनको अथक प्रयास भइरहेको जनाएको छ ।

गृह मन्त्रालयले वर्षाका कारण प्रभावित आठ जिल्लामा खोज तथा उद्धार र राहत उपलब्ध गराउन थप समन्वय र सहजीकरण गर्न गठन गरेको कार्यदलका संयोजक बुधबार बिहानदेखि कार्यक्षेत्रमा खटिएका छन् । बाढीपहिरो प्रभावित काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक र धादिङ जिल्लामा खटाइएको हो । कार्यदललाई वर्षाका कारण उत्पन्न बाढीपहिरोबाट प्रभावितको तत्काल उद्धार तथा राहत कार्यमा समन्वय र सहजीकरण गर्ने, अति भारी वर्षका कारण आएको बाढीपहिरोबाट भएको मानवीय र भौतिक क्षतिको संक्षिप्त विवरण तयार गरी तत्काल गर्नुपर्ने कार्यका सम्बन्धमा सुझाव दिने, क्षतिग्रस्त सडकको शीघ्र मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन सडक निर्माण गर्ने सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने र विपद् पीडित नागरिकको सुरक्षित बसोबास तथा राहत उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने कार्यादेश दिइएको छ ।

## खेलकुद समाचार

### बाबर आजमले टिमको कप्तानबाट राजीनामा दिए



**काठमाडौं**, असोज १६/बाबर आजमले पाकिस्तानी क्रिकेट टोलीको कप्तानबाट राजीनामा दिएका छन् । सामाजिक सञ्जालमा पोस्ट गर्दै उनले एकदिवसीय र टी-२० अन्तर्राष्ट्रिय क्रिकेटको कप्तानबाट राजीनामाको घोषणा गरेका हुन् ।

बाबरले परिवार र आफ्नो खेलमा समय दिनका लागि कप्तानबाट राजीनामा दिएको उल्लेख गरेका छन् । यस्तै आफ्नो प्रदर्शनलाई प्राथमिकता दिने उनले बताएका छन् । उनले खेलाडीका रूपमा टोलीमा योगदान दिइरहने पनि उनको भनाइ छ । सन् २०२३ को विश्वकपमा पाकिस्तानले कमजोर प्रदर्शन गरेपछि बाबरले नेतृत्व छोडेका थिए । तर पाकिस्तान क्रिकेट बोर्डले उनलाई फेरि कप्तानीका लागि जिम्मेवारी दिएको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेसँगै घट्यो कारोबार रकम



**पाल्पा,** असोज १६/ मंगलबार १ सय १४ अंकले बढेको शेयर बजार बुधबार भने घटेको छ । शेयर बजार परिसूचक नेप्से सोहिदिन २६ दशमलव ०७ अंकले घटेर २ हजार ५ सय ९७ दशमलव ४९ विन्दुमा झरेको छ ।

बुधबार फाइनान्स बाहेक सबै समूहको शेयर घटेकोमा विकास बैंक, होटल, जलविद्युत्, बीमा, उत्पादन, माइक्रोफाइनान्स समूहको शेयर उच्च अंकले ओरालो लागेको छ । सोहिदिन विन नेपाल लघुवित्त कम्पनीको शेयर सबैभन्दा धेरै १० प्रतिशत र न्यादी हाइड्रोपावर कम्पनीको शेयर ९ प्रतिशतभन्दा धेरैले घटेको छ । समग्रमा बजार घटेको दिन थ्री स्टार हाइड्रोपावर कम्पनीको शेयर भने १० प्रतिशतले बढेको छ । यस्तै स्वरोजगार लघुवित्त र इस्टर्न हाइड्रोपावर कम्पनीको शेयर ९ प्रतिशतभन्दा धेरैले बढेको छ ।

बुधबार कारोबार रकममा पनि कमी आएको छ । मंगलबार साढे ७ अर्बभन्दा धेरैको कारोबार भएकोमा बुधबार ३ सय १० वटा कम्पनीका १ करोड ५१ लाख कित्ता शेयर ६ अर्ब ७७ करोड रुपैयाँमा कारोबार भएका छन् ।


**सभ्य रुपमा चाडपर्व मनाऔं**

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।



नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई